# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक



काँक्रेविहार राष्ट्रिय दैनिक

नियमित नआएमा

९८५-१३४४७५४



ग्राहक बन्नु परेमा



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १८७ | सोमवार, ७ वैशाख, २०८३ | Monday, 20 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


# इन्धन भण्डारण संरचना नहुँदा संकटको बेला असुरक्षित

❒ काँक्रेविहार संवाददाता
सुर्खेत, ६ वैशाख

मध्यपूर्व क्षेत्रमा बढ्दो द्वन्द्वका कारण विश्वव्यापी रूपमा इन्धन आपूर्ति शृंखला प्रभावित भइरहेको छ। यस्तो बेला कर्णाली प्रदेशमा पर्याप्त इन्धन भण्डारण संरचना छैन।

इन्धन भण्डारण संरचना नहुँदा संकटका समयमा कर्णाली प्रदेश असुरक्षित बन्ने चिन्ता बढेको छ। संघीय सरकारले आर्थिक वर्ष २०७७/०७८ भित्रै सबै प्रदेशमा कम्तीमा ९० दिनका लागि पुग्ने पेट्रोलियम पदार्थ भण्डारण गर्ने पूर्वाधार निर्माण गर्ने लक्ष्य सार्वजनिक गरेको थियो। अन्य प्रदेशमा आंशिक रूपमा भए पनि योजना कार्यान्वयन भएको छ। तर कर्णालीमा भने पाँच वर्ष बितिसक्दा पनि यो योजना अलपत्र परेको छ। प्रमुख इन्धन आपूर्ति केन्द्रका रूपमा रहेको नेपाल आयल निगमको सुर्खेतस्थित प्रादेशिक कार्यालय सञ्चालनमा भए पनि त्यहाँ पर्याप्त भण्डारण क्षमता छैन। उक्त कार्यालय इन्धन वितरण समन्वयमा सीमित रहेको र ठूलो परिमाणमा इन्धन सञ्चय गर्न नसक्ने सूचीमा पर्दछ। प्रदेशमा दुर्गम भूगोल, कमजोर सडक सञ्जाल र मौसमजन्य अवरोधका कारण आपूर्ति शृत ला सहज नभएको अवस्थामा भण्डारण पूर्वाधारको अभावले जोखिम थपिएको हो। आपतकालीन अवस्था, प्राकृतिक विपद् वा अन्तर्राष्ट्रिय आपूर्ति अवरोध हुँदा कर्णालीमा इन्धन अभाव चर्किन सक्ने सम्भावना उच्च छ। स्थानीय व्यवसायीहरूका अनुसार सामान्य अवस्थामा समेत ढुवानी ढिलाइ हुँदा बजारमा इन्धन अभाव देखिने गरेको छ। संकटका बेला त अवस्था झन् गम्भीर हुन सक्ने भन्दै एक व्यवसायीले भण्डारण डिपो नहुँदा प्रदेश सधैं जोखिममा रहेको दावी गरे।

प्रदेश सरकारका अधिकारीहरूले पनि इन्धन भण्डारण गृह निर्माणको आवश्यकता स्वीकार गरेका छन्। तर बजेट अभाव, स्थान छनोटमा ढिलाइ र संघीय-प्रदेश समन्वय कमजोर हुँदा योजना अगाडि बढ्न नसकेको सरोकारवालाहरू बताउँछन्। ऊर्जा क्षेत्रका विज्ञहरूका अनुसार कम्तीमा ९० दिनको रणनीतिक भण्डारण क्षमता विकास नगरेसम्म कर्णालीजस्ता दुर्गम प्रदेशहरू संकटका बेला थप संवेदनशील रहनेछन्। उनीहरूले तत्काल योजना पुनः सक्रिय गरी निर्माण कार्य अघि बढाउन सुझाव दिएका छन्।

अहिलेको अवस्थामा कर्णालीसँग एक हप्ताका लागि पुग्ने इन्धन पनि सञ्चित गर्ने क्षमता छैन। जसले गर्दा अन्तर्राष्ट्रिय संकट चुलिएमा यहाँको जनजीवन, यातायात र भान्छासमेत पूर्णतः ठप्प हुने जोखिम छ।




## रणनीतिक योजना अलपत्र

यता निगमको प्रादेशिक कार्यालयले रणनीतिक महत्वको इन्धन भण्डारण योजना अलपत्र पर्नुको मुख्य कारण 'जग्गा अभाव'लाई लिएको छ। यो योजना कार्यान्वयनमा ढिलाइ हुनुको कारण विभिन्न प्रशासनिक र प्राविधिक जटिलता रहेको कार्यालय प्रमुख दिपक घिमिरेले बताए। सम्बन्धित निकायहरूबीच समन्वय गरेर चाँडै काम अघि बढाउने उनको भनाइ छ।

उनका अनुसार निगमको सुर्खेत कार्यालयसँग अहिले केवल १८ कठ्ठा जग्गा मात्र उपलब्ध छ, जुन ९० दिनको भण्डारण गृह निर्माणका लागि निकै न्यून हो। कम्तीमा १० बिगाहा जग्गाको खोजीमा रहेको निगमले कहिले नेपाल ट्रस्टको जग्गा त कहिले सामुदायिक वनको विकल्प अघि सारे पनि ती सबै प्रयासहरू प्रक्रियागत झन्झटमै तुहिएका छन्।

नेपाल ट्रस्टको नाउँमा रहेका ३४ विगाह जग्गा उपलब्ध लगाउन सुर्खेतस्थित प्रादेशिक कार्यालयले निगमलाई पत्राचार समेत गरेको थियो। तर भेरी क्षेत्रस्थित उक्त जग्गामा भण्डारण गृह निर्माण सम्भव नभएको भन्दै प्रक्रिया अघि बढ्न सकेन। आफ्नै डिपो नहुँदा कर्णाली अहिले पनि नेपालगन्ज डिपो र निजी बिक्रेताको भरमा चल्नुपर्ने बाध्यता रहेको कार्यालय प्रमुख घिमिरेले स्विकार्य।

उनका अनुसार कर्णाली प्रदेशमा पेट्रोल र डिजेल भण्डारण गर्ने डिपो नहुँदा निजी बिक्रेतामा भर पर्नुपर्ने बाध्यता रहेको छ। हाल कर्णालीमा दैनिक ८० हजार लिटर डिजेल र २० हजार लिटर पेट्रोलको माग रहेको छ, जसलाई १३ वटा निजी पेट्रोल पम्प र दुर्गममा ड्रममार्फत बिक्री गर्ने गरिएको उनले बताए।

कर्णालीमा आयल निगमको नेपालगन्ज इन्धन डिपोबाट २० हजार लिटर क्षमताका तीन ट्रकमार्फत पेट्रोलियम पर्दाथ आपूर्ति हुँदै आएको छ। त्यसरी आपूर्ति हुने इन्धन सुर्खेतस्थि डिपोमा ल्याएपछि बिक्रेताको रोहवरमा गुणस्तर नाप जाँच गरेर सम्बन्धित विक्रेतालाई बिक्री गर्ने गरिएको घिमिरे बताउँछन्। यीनै निजी पट्रोल पम्पबाट उपभोक्तालाई इन्धन उपलब्ध गराइन्छ। निगमले निजी बिक्रेताको पम्म नभएका दुर्गम जिल्ला कालीकोट, हुम्ला, मुगु र डोल्पामा ड्रममा इन्धन लिएर बिक्री गर्न अनुमति दिएको छ।

## वैकल्पिक डिपो निर्माण गरिदैं

'जग्गा प्राप्तिमा देखिएको गाँठो फुकाउन नसकेपछि आयल निगमले हालकै कार्यालय परिसरमा 'वैकल्पिक डिपो' बनाउने कार्य थालनी गरेको छ' कार्यालय प्रमुख घिमिरेले भने, 'अत्याधुनिक प्रविधिसहितको यो डिपो निर्माणका लागि नौ करोड रुपैयाँभन्दा बढीको आर्थिक प्रस्ताव मूल्याङ्कनको अन्तिम चरणमा पुगेको छ।' यो योजना अन्तर्गत ७० हजार लिटर क्षमताका चार वटा डिजेल र दुई वटा पेट्रोल भण्डार ट्याङ्की निर्माण गरिनेछन्। यी ट्याङ्कीहरू सञ्चालनमा आएपछि कर्णालीसँग थप चार लाख २० हजार लिटर इन्धन भण्डारण गर्ने क्षमता हुनेछ। तर यो भण्डारण ९० दिनको लक्ष्यको तुलनामा निकै सानो हो।

यो वैकल्पिक डिपोले संकटका बेला तीनदेखि चार दिनसम्मको डिजेल र एक हप्तासम्मको पेट्रोल आपूर्तिलाई सहज बनाउन सक्नेछ। यसले आपत्कालीन समयमा नेपाली सेनालाई हवाई इन्धन उपलब्ध गराउनेदेखि अत्यावश्यक सवारी सञ्चालन गर्नसम्म मद्दत पुऱ्याउने छ। खरिद प्रक्रिया टुङ्गिएको नौ महिनाभित्र यो योजनाले पूर्णता पाउने दाबी गरिएको छ। यो डिपो निर्माण भएपछि दुर्गममा ड्रमबाट असुरक्षित रूपमा इन्धन भण्डारण गर्नुपर्ने बाध्यता हट्ने र गुणस्तरमा समेत सुधार आउने अपेक्षा गरिएको छ। तर कर्णालीलाई साच्चिकै सुरक्षित बनाउनका लागि वैकल्पिक डिपो मात्र पर्याप्त छैन। सरकारले ९० दिनको भण्डारण लक्ष्यलाई पूर्णता दिन जग्गाको स्थायी समाधान खोज्नु नै आजको मुख्य आवश्यकता हो।

# वैशाख १५ देखि जिल्ला अधिवशेन गर्ने रास्वपाको निर्णय



❒ काँक्रेविहार संवाददाता
काठमाडौं, ६ वैशाख

राष्ट्रिय स्वतन्त्र पार्टीले यही वैशाख १५ गतेदेखि जिल्ला अधिवेशन सुरु गर्ने निर्णय गरेको छ।

बनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयमा आइतवार बसेको सचिवालय बैठकले प्रत्यक्ष निर्वाचित सांसद नरहेको निर्वाचन क्षेत्रमा समानुपातिकतर्फबाट निर्वाचित सांसदहरूलाई जिम्मेवारी तोक्ने निर्णय गरेको प्रवक्ता मनिष झाले जानकारी दिए। जिल्ला र निर्वाचन क्षेत्रसहितको सूची सोमबार बस्ने केन्द्रीय समितिको बैठकबाट पारित गर्ने रास्वपाको तयारी छ।

बैठकले पार्टीको प्रवास विभागको प्रमुखमा केन्द्रीय सचिवालय सदस्य तथा सांसद दीपक बोहरालाई नियुक्त गरेको छ। यसअघि प्रभाव विभाग प्रमुखको जिम्मेवारीमा उपसभापति डिपी अर्याल रहेका थिए। अर्याल सभामुखमा निर्वाचित भएपछि उनी पार्टीको जिम्मेवारीबाट अलग भएका छन्। उनी सभामुखका निर्वाचित भएसँगै सो पद रिक्त थियो।

सचिवालयले केन्द्रीय समिति बैठकको 'एजेन्डा' तय गरेको छ। पार्टी प्रवक्ता झाका अनुसार केन्द्रीय समिति बैठकको प्रारम्भमा पार्टी गतिविधिबारे 'ब्रिफिङ' हुनेछ। बैठकमा केन्द्रीय सदस्यहरुको रिपोर्टिङ हुनेछ। केन्द्रीय सदस्यलाई दुई मिनेटका दरले समय छुट्याइएको छ। बैठकमा केन्द्रीय समिति पदाधिकारी मनोनयन, महाधिवेशन कार्यविधि मस्यौदा, विधान संशोधनका विषयमा पनि छलफल हुने प्रवक्ता झाले बताए।

आसन्न स्थानीय तहको निर्वाचनका लागि उम्मेदवार क्लब गठन र आवेदन आह्वान, प्रवासमा रहेका नेपालीहरुलाई प्रवासबाटै मताधिकारलगायत विषयमा पनि बैठकमा छलफल हुने उनले जानकारी दिए।

# 'निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्छ'

❒ काँक्रेविहार संवाददाता
महेन्द्रनगर, ६ वैशाख

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा सबैले परिवर्तन ल्याउनुपर्ने बताएका छन्।

आइतवार कञ्चनपुर उद्योग वाणिज्य सङ्घको ३४औं वार्षिक साधारणसभाको उद्घाटन समारोहमा बोल्दै उनले निजी क्षेत्र नाफा कमाउनका लागि मात्रै हो भनेर हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्नेमा जोड दिए।

'कुल गार्हस्थ उत्पादन (जिडिपी)मा ८० प्रतिशतभन्दा बढी योगदान गर्ने र हरेक पूर्वाधार निर्माणमा योगदान गर्ने निजी क्षेत्र हो', ढकालले भने, 'सबैभन्दा बढी रोजगारी सिर्जना पनि निजी क्षेत्रले गरिरहेका छन्।'

उनले सुदूरपश्चिममा पर्यटनको अथाह सम्भावना रहेकाले पर्यटन प्रवर्द्धन गर्ने र रोजगारी सिर्जना गर्ने उद्देश्यले यस क्षेत्रमा आफूले लगानी गरेको बताए।

'सुदूरपश्चिममा जहाँ हेऱ्यो त्यहीँ सम्भावना छ, त्यसकारण यहाँको सबैभन्दा ठूलो पर्यटन पूर्वाधार अगाडि बढाएका छौँ', अध्यक्ष ढकालले भने, 'यसले सुदूरपश्चिमको मात्रै नभई मुलुककै पर्यटन प्रवर्द्धनमा टेवा पुगाउने छ।'

उनले इमान्दारिताका साथ काम गरे प्रतिफल आउने विश्वास व्यक्त गरे। सुदूरपश्चिमबाट छिमेकी मुलुक भारतका ठूला औद्योगिक क्षेत्र नजिक रहेकाले त्यसको फाइदा पनि सुदूरपश्चिमलाई रहेको उनले बताए।

'यहाँको बडिमालिका, रामारोशन जस्ता धार्मिक पर्यटकीय गन्तव्य छन्', ढकालले भने, 'अब पर्यटकीय पूर्वाधारमा पनि लगानी हुनुपर्छ।' उनले निजी क्षेत्रको समस्या समाधानका लागि सरकारसँग निरन्तर पहल गरिरहेको बताए।

# चार दिनमै खुसी शोकमा परिणत

❒ काँक्रेविहार संवाददाता
सुर्खेत, ६ वैशाख

कालिकोटको नरहरिनाथ गाउँपालिका-८ की २७ वर्षीया भावना विष्टको उपचारका क्रममा मृत्यु भएको घटनाले कर्णालीमा स्वास्थ्य सेवाको गुणस्तरमाथि फेरि प्रश्न उठाएको छ। सुत्केरीपछि स्वास्थ्यमा जटिलता देखिएपछि उनलाई काठमाडौं लगिएको थियो, जहाँ पुगेको केही समयमै चिकित्सकले मृत घोषणा गरेका थिए।

चार दिनअघि कर्णाली प्रादेशिक अस्पताल, सुर्खेतमा छोरी जन्माएकी भावना प्रारम्भमा सामान्य अवस्थामा थिइन्। नवजात शिशुसहित घर फर्किने तयारीमा रहेको परिवारमा खुसी छाएको थियो। तर, शल्यक्रियाबाट सुत्केरी भएको दुई दिनपछि उनको स्वास्थ्य अवस्था अचानक बिग्रँदै गयो। अस्पतालले थप समस्या देखिएको जनाउँदै पुनः शल्यक्रिया गर्नुपर्ने बताएपछि परिवार सहमत भयो र दोस्रो पटक अपरेशन गरियो।

दोस्रो शल्यक्रियापछि अवस्था झनै गम्भीर बन्दै गएपछि उनलाई आइसियुमा राखेर उपचार सुरु गरिएको थियो। परिवारले समयमै सुविधासम्पन्न अस्पतालमा रिफर गरिदिन आग्रह गरे पनि अस्पतालले तत्काल आवश्यक नभएको बताउँदै केही समय आफ्नै निगरानीमा राखेको आरोप परिवारको छ। अस्पतालप्रति अविश्वास बढेपछि अन्ततः परिवारले वैशाख ४ गते चिकित्सकसहितको हेलिकोप्टर चार्टर गरी उनलाई काठमाडौं लगेको थियो। काठमाडौंस्थित मेडिसिटी अस्पताल पुऱ्याएलगत्तै चिकित्सकले मृत घोषणा गरेका थिए। अस्पताल प्रशासनले भने भावनाको उपचारमा कुनै कमी नराखिएको दाबी गरेको छ। अस्पतालले जारी गरेको विज्ञप्तिमा सुत्केरीपछि उच्च रक्तचापसँग सम्बन्धित जटिल अवस्था (प्रि-एक्लाम्सिया र एक्लाम्सिया), अत्यधिक रक्तस्राव, मिर्गौलाको कार्यक्षमता कमजोर हुनु तथा रगतमा अक्सिजनको मात्रा घट्नुजस्ता गम्भीर समस्या देखिएको उल्लेख गरिएको छ। अवस्था जटिल बन्दै गएपछि उच्चस्तरीय उपचार आवश्यक ठहर गरी काठमाडौं रिफर गरिएको अस्पतालले जनाएको छ।

अस्पतालका अनुसार वैशाख ३ गते नै परिवारको सहमतिमा रिफर गर्ने प्रक्रिया अघि बढाइएको भए पनि चिकित्सकसहितको हेलिकोप्टर उपलब्ध हुन ढिलाइ हुँदा काठमाडौं लैजान समय लागेको हो।

तर, मृतकका आफन्तले अस्पतालको गम्भीर लापरबाहीका कारण भावनाको ज्यान गएको आरोप लगाएका छन्। नरहरिनाथ गाउँपालिकाका अध्यक्ष तथा नातेदार नगेन्द्रबहादुर विष्टले समयमै रिफर नगर्दा ज्यान गुमाउनुपरेको बताए। "बिरामीको अवस्था बिग्रँदै जाँदा पनि ढिलाइ गरियो, जसका कारण यस्तो दुखद अवस्था आयो," उनले भने।

परिवारले घटनाको स्वतन्त्र छानबिन, दोषी चिकित्सक तथा कर्मचारीमाथि कारबाही, उपचार प्रक्रियाबारे स्पष्ट जानकारी र मृतकका सन्तानको भविष्यको जिम्मेवारी लिनुपर्ने माग अघि सारेको छ।


डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

# फेक न्युजले मूर्ख बनाइरहेको त छैन ?



✍ शुक्रऋषि चौलागाईं

'बालेन सरकारले पाँच सय र एक हजारका नोट बन्द गर्दै', 'प्रदेश सभा खारेज गर्ने बालेन सरकारको तयारी', 'एमाले नेता महेश बस्नेत पक्राउ' जस्ता शीर्षकहरू, फगत शीर्षक मात्रै हुन् । समाचार होइनन् । तर हाम्रा सामु यी विषयहरू समाचार जस्तै छ्यापछ्याप्ती प्रसारित भइरहेका हुन्छन् । तर यी फेक न्युज अर्थात् मिथ्या सूचना हुन् ।

बालेन सरकारले प्रदेश सभा खारेज गर्दैछ भन्ने कुरा दुई साता अघि फेसबुक, अनलाइन र युट्युबमा फैलियो । भ्रामक स्क्रिन सट र भिडियो क्लिप भाइरल भए । जब कि यो विषयमा आधिकारिक प्रस्ताव या निर्णय सार्वजनिक भएको छैन ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पाँच सय र एक हजारका नोट प्रतिबन्ध गर्दै छन् भन्ने अफवाह सार्वजनिक भयो । नेपाल राष्ट्र बैंकले यो हल्ला मात्रै हो, त्यस्तो कुनै योजना छैन भनेर पुष्टयाई दिन पऱ्यो । त्यस्तै केही दिन अघि एमाले सचिव महेश बस्नेत पक्राउ परे भनेर समाचारहरू आए तर उनलाई पक्राउ गरिएकै थिएन ।

यी र यस्तै संवेदनशील विषयलाई पनि अतिरञ्जित ढङ्गले मिडियामार्फत चर्चामा ल्याउने र थप आतङ्कित बनाउने कार्य अझै रोकिएको छैन । प्रत्येकको हातमा मोबाइल छ तर के सही र के गलत भन्ने छुट्याउन सक्ने ल्याकत छैन ।

फेक न्युज, अङ्ग्रेजी शब्दहरू हुन् तर पछिल्लो समय यी शब्दहरूको अत्यधिक प्रयोगसँगै नेपालीकरण गरिए सरह छ । फेक न्युज केवल गलत सूचना मात्र होइन, यो त एउटा जानाजान गरिएको छलकपट हो । गलत सूचना उत्पादन गर्ने र फैलाउने गतिविधि पनि हो । सत्यताबाट विमुख झुटो, भ्रमपूर्ण सूचना हो, जसलाई समाचारको रूपमा विभिन्न सामाजिक सञ्जालमार्फत प्रसारण या प्रस्तुत गरिन्छ । यसमा काल्पनिक घटनाहरूलाई पनि वास्तविक रूपमा प्रस्तुत गरिएको हुन्छ । यस्तो गलत सूचनालाई तीन भागमा विभाजन गरेर हेर्ने गरिन्छ । पहिलो, मिसइन्फरमेशन । दोस्रो, डिसइन्फरमेशन । तेस्रो, मालइन्फरमेशन ।

फेक न्युजमा भावनात्मक भाषा, क्लिकबेट हेडलाइन, फेक फोटो, भिडियो वा एआई जेनेरेटेड डिपफेकको प्रयोग गरिन्छ । इन्टरनेट र सामाजिक सञ्जाल (फेसबुक, टिकटक, इन्स्टाग्राम, भाइवर, युट्युब, एक्स आदि) को विकाससँगै यो छिटो र व्यापक रूपमा फैलिँदै गएको छ ।

जनमत प्रभावित गर्नु, राजनीतिक लाभ लिनु, घृणा फैलाउनु वा आर्थिक फाइदा कमाउनु पनि फेक न्युजको उद्देश्य हो ।

**फेक न्युजको महामारी**

आम सञ्चारका विज्ञहरूका अनुसार फेक न्युजले कुनै पनि घटनाको वास्तविकता तोडमोड गरी मान्छेलाई भावनात्मक रूपमा प्रभावित पार्ने उद्देश्य राख्छ । यो केवल 'गलत सूचना' मात्र होइन- एक किसिमको हतियार हो ।

सत्य-तथ्यभन्दा पनि आक्रोशजन्य भावना जगाउने भाइरल सामग्रीलाई सामाजिक सञ्जालले स्थान दिने र व्यापक बनाउने काम गर्दै आएको छ । सञ्जालका विभिन्न प्लेटफर्म सही ढङ्गले नचलाएकै कारण पछिल्लो समय अनेक चुनौती र दुर्घटना निम्तिरहेको छ । सञ्जालमा सार्वजनिक फेक न्युजले नै अहिले महामारीको रूप लिँदै छ । सामाजिक सञ्जाल आफैमा खराब होइन तर त्यसको सदुपयोग भन्दा दुरुपयोग हुने खतरा बढ्दै गएको छ । एउटा फेक सञ्जाल सञ्चालन गरी सामाजिक सञ्जाल मार्फत फेक न्युज भाइरल गराइन्छ । एउटै फेक समाचारलाई एकै समयमा धेरै माध्यमबाट शेयर गराइन्छ । प्रायः गोप्य रूपमा रहने यी व्यक्ति या समूह आफ्नो लक्ष्य र उद्देश्य अनुसार फेक न्युज मार्फत युद्ध फैलाउँछन् ।

नेपालमा भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि फेक न्युजको बाढी आयो । त्यसताका फैलिएका फेक न्युज, फोटो र भिडियोले अफवाहको बजार ततायो । भदौ २३ गतेको आन्दोलनमा भएको मानवीय क्षति र घाइतेको विषयमा भ्रामक सूचना फैलियो । फेक भिडियोहरू सार्वजनिक गरिए । दोस्रो दिनको आगजनी र तोडफोड पनि भ्रम फैलाउनेका लागि अवसर बन्यो । सामाजिक सञ्जालमा आएका अनेक फेक न्युज र भिडियो क्लिपले स्थिति थप त्रासदीपूर्ण बनायो ।

इजरायली संस्था सायब्राको प्रतिवेदन अनुसार भदौ २३-२४ को जेनजी विद्रोहमा अनलाइन संवादको ३४ प्रतिशत हिस्सा नक्कली एकाउन्ट र एआईद्वारा निर्मित सामग्रीबाट प्रभावित थियो । १४ लाखभन्दा बढी अन्तर्क्रियामध्ये एक लाख ६४ हजार शङ्कास्पद खाताबाट भएको थियो, जसले ३२ करोड बढी स्क्रिनमा पुगी सरकार विरोधी भाष्यलाई अतिवादी बनाउने प्रयास गरेको थियो ।

फेक न्युज सामान्य गल्ती होइन, यो लोकतान्त्रिक बहसमाथिको हस्तक्षेप हो । फेक न्युज स्पष्ट रूपमा 'नक्कली' देखिन्थ्यो भने कोही पनि झुक्किँदैनथ्यो भ्रमित समाचारले जो कोहीलाई पनि झुक्क्याउन सक्छ । नेपाल दूरसञ्चार प्राधिकरणको एक तथ्याङ्क अनुसार, इन्टरनेट प्रयोगकर्ता सङ्ख्या तीव्र गतिमा बढिरहेको छ तर सोही अनुपातमा मिडिया र डिजिटल साक्षरता बढेको छैन । नेपालमा डिजिटल साक्षरता लगभग ३१ प्रतिशत मात्रै छ । अधिकांश प्रयोगकर्ताले समाचारको स्रोत हेर्दैनन् र हेडलाइन मात्र पढेर प्रतिक्रिया जनाउँछन् । धेरैजसो प्रयोगकर्ता सामाजिक सञ्जालमा भेटिने सबै सूचनालाई समाचार ठान्छन् ।

फलतः उनीहरू भावनात्मक र भ्रामक सामग्रीबाट सजिलै प्रभावित हुन्छन् । धारणा बनाउँछन् र निर्णय लिन्छन् । कसैलाई होच्याउने वा बदनाम गर्ने हेतुले आउने गलत समाचारहरू रातारात सामाजिक सञ्जालमा फैलिएर विभिन्न आपराधिक घटना हुने गरेको उदाहरणहरू पनि छन् ।

थोरै पैसा तिरेपछि सामाजिक सञ्जाल र अनलाइन मिडियामा समाचारहरू नै धेरै माझ पुग्ने गरी बुस्ट गर्न मिल्ने व्यवस्था पनि झनै घातक छ । फेक न्युजले आपसमा अविश्वास सिर्जना गरिदिने, मानसिक तनाव दिने र गलत निर्णय लिन बाध्य पार्ने सक्ने स्थिति सिर्जना गरिदिन्छ ।

फेक न्युजले व्यक्तिको जीवनसँगै समाज, राजनीति र अर्थतन्त्र जस्ता विषयमा पनि गम्भीर असर पार्छ । फेक समाचारले एउटा समुदायलाई अर्को विरुद्ध उभ्याउने, विभिन्न जातीय नाममा विभाजन गर्ने जस्ता समाज भड्काउने क्रियाकलापहरू हुन सक्छन् । त्यस्तै राजनीतिक रूपमा हेर्ने हो भने, फेक न्युजको कारणले जनताको निर्णय लिने क्षमतालाई पनि कमजोर बनाएको छ ।

फेक न्युजले जनमत विभाजित गर्ने, निर्वाचन प्रक्रिया प्रभावित पार्ने र लोकतन्त्र नै कमजोर पार्ने काम पनि गरिदिन्छ । जस्तैः नेपालमा एमसीसी सम्झौता, निर्वाचन वा विरोध प्रदर्शनका बेला फेक भिडियो र एआई जेनेरेटेड क्लिपहरू फैलिएका थिए, जसले आम नागरिकमा भ्रम सिर्जना गरिदिएको थियो । स्वास्थ्य क्षेत्रमा खोप विरोधी अफवाह पनि फैलिने गर्छन् जसका कारण रोग र महामारी नियन्त्रणमा अनेक कठिनाइ उत्पन्न भएका छन् । वास्तविकता गुमराममा राखी भावनालाई भड्काउने र आफ्नो योजना अनुसार जनताहरूलाई परिचालित गर्न पनि फेक न्युजको प्रयोग गरिन्छ । फेक न्युजले मान्छेमा सहजै आक्रोश, चिन्ता, बदलाको भावना, घृणा फैलाउन र हिंस्रक बनाई दिन सक्छ । जातीय/धार्मिक तनाव बढाएर सामाजिक सद्भाव खलबल्याई दिन पनि सक्छ ।

यसले सूचनाको विश्वसनीयता र वैधतालाई नै चुनौती दिन्छ र समाजको निर्णय लिने क्षमतामा गहिरो प्रभाव पार्छ । अध्ययन अनुसार फेक न्युज सत्यभन्दा छिटो फैलिन्छ र दीर्घकालीन रूपमा मिडिया र संस्थाप्रतिको विश्वास घटाउँछ । प्रत्येक नागरिकको सही सूचना प्राप्त गर्ने हक; 'सूचनाको हक' बाट पनि वञ्चित गर्न सक्छ ।

कसरी चिन्ने फेक न्युज ?

फेक न्युज के हो भन्ने माथि उल्लेख गरिसकिएको छ । तर फेक न्युज कसरी चिन्ने ? यो प्रश्न हाम्रा सामु चुनौतीका रूपमा तेर्सिएको छ । भनिन्छ कि 'फेक न्युज त्यो हो जुन फेक न्युज जस्तो लाग्दैन । नक्कली समाचारहरू पनि प्रायः यथार्थजस्तै हुन्छन् । झट्ट हेर्दा हामीले विश्वास गर्ने गरी बनाइएका हुन्छन् ।

फेक न्युजले समाजमा 'असत्य' लाई 'सत्य' झैँ देखाउने क्षमता राख्छ । हाम्रो समाजमा कथन नै छ नि हजार पटक झुटलाई सत्य भन्दा झुट नै सत्य बन्न जान्छ । तर यस्ता फेक सूचना, सामग्री र समाचार पहिचान गर्नु पर्छ । यसका लागि हामी स्वयंले सूक्ष्म अध्ययन गर्ने, प्रश्न गर्ने र प्रमाण खोज्ने तर्फ लाग्नु पर्छ ।

निम्न कुरामा ध्यान दिऊँ

- विश्वसनीय सञ्चारमाध्यम, मिडिया वा आधिकारिक वेबसाइट हो कि होइन ? अनलाइन पोर्टलमा सम्पादकीय समूहको नाम तथा जिम्मेवारी लेखिएको छ कि छैन ? त्यो पोर्टलको कार्यालय, सम्पर्क फोन नम्बर, इमेल इत्यादि छ कि छैन ?
- केवल आकर्षक वा आक्रोशपूर्ण हेडलाइन फेक न्युजको पहिलो सङ्केत हुन सक्छ तसर्थ हेडलाइनभन्दा अघि समाचार पढ्ने ।
- धेरै फेक न्युजमा पुरानो वा सन्दर्भविहीन फोटो प्रयोग हुन्छ त्यसैले फोटो वा भिडियोको प्रामाणिकता हेर्ने । जाँच गर्ने ।
- पक्ष, विपक्ष या श्रोतको कुरा र भनाइ छ कि छैन ? कसैको कोड या तथ्य छ छैन हेर्ने ।
- अत्यधिक भावनात्मक शब्दावली प्रयोग फेक न्युजको मुख्य रणनीति हो तसर्थ भावनात्मक ट्रिगरहरू चिन्ने ।
- कहिल्यै नसुनेको, नखोलेको अनलाइनबाट आएको सूचना/समाचार सही हो कि होइन भनेर पुनरपरीक्षण गर्ने ।
- डिजाइन हेर्दा कुनै प्रचलित संस्थाको नाम र डिजाइनसँग मिल्दोजुल्दो हुन सक्छ त्यसैले त्यसमा पनि ध्यान दिने ।
- बतासे अनलाइनहरु वा युट्युब च्यानलहरूले मात्रै फेक न्युज दिँदैनन् । ठुला पदमा आसीन मान्छेहरूले पनि दिन सक्छन् भन्ने हेक्का राख्ने ।
- सनसनीपूर्ण खुलासा, लाइक, कमेन्ट, शेयर, सब्सक्राइब गर्नुहोस् आदि अनुरोध गरिएको छ भने झनै सचेत हुने ।
- दिइएको लिङ्कमा थिच्दा अन्य ठाउँमा पुगिने, विषयवस्तु एकातर्फ र शीर्षक अर्कोतर्फ हुने अवस्था आयो भने थप सतर्क रहेर जाँचबुझ गर्ने ।
- नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तोकेका सम्बन्धित निकायहरूमा दर्ता गरेका विश्वसनीय र वैधानिक सञ्जालहरू मार्फत प्रकाशित सूचना स्रोतहरूलाई अध्ययन र प्रयोग गर्ने ।

**फेक न्युजबाट बच्ने कसरी ?**

फेक न्युज एकल प्रयासले रोक्न नसकिए पनि त्यसबाट बच्न र सचेत रहन सकिन्छ । फेक न्युज नियन्त्रणका लागि सर्वप्रथम फेक न्युज के हो ? कसरी बच्न सकिन्छ भन्ने विषय बुझ्न जरुरी छ । फेक न्युज चिनिसकेपछि यसबाट बच्न झनै सजिलो छ ।

- सामाजिक सञ्जालमा देखिने/भेटिने हरेक पोस्टलाई 'सत्य' नठान्ने ।
- कुनै पनि सामग्री लाइक, कमेन्ट, शेयर गर्नु अघि तथ्य जाँच गर्ने ।
- फेसबुक/अनलाइन बहसमा अत्यधिक भावनात्मक प्रतिक्रिया नदिने ।
- आफूले थाहा पाएको मिथ्या सूचना/समाचारबारे प्रमाणसहित अन्यलाई जानकारी दिने ।
- सनसनीपूर्ण समाचार आयो भन्दै शेयर गर्नुअघि मिडियासम्बन्धी अलि बढी जानकारी राख्ने, चिनेको साथीलाई सोध्ने ।
- स्कुल, कलेजमा डिजिटल साक्षरता पाठ्यक्रम समावेश गर्ने ।
- सामाजिक सञ्जाल कम्पनीहरूलाई एल्गोरिदम सुधारेर फेक सामग्री घटाउने, लेबलिङ र हटाउने नीति कडा बनाउने ।
- राज्य र मिडिया संस्थाले प्रभावकारी फ्याक्ट चेकिङ युनिट या मेकानिजम बनाउने ।
- डिजिटल साक्षरतालाई व्यापक र प्रभावकारी सञ्चालनका साथै लगानी गर्ने ।
- फेक न्युज फैलाउनेलाई कानुनी कारबाही र जनचेतना अभियान फैलाउने ।

पछिल्लो चरण भ्रामक र मिथ्या सूचनाको जालो तोड्ने उपायका रूपमा तथ्य जाँच अपनाइएको छ । कुनै भाइरल सूचना वा दाबीलाई विश्वसनीय प्रमाण सङ्कलन गरी त्यो सही, गलत वा भ्रामक भनी लेबल लगाउने वा निचोडमा पुग्ने प्रक्रिया नै 'फ्याक्ट चेक' हो । सनसनीपूर्ण खालका सूचना, भिडियो, समाचार शेयर, कमेन्ट गर्नेलाई पनि कारबाही हुनसक्छ । तसर्थ, कुनै समाचार सही हो वा गलत भनेर चिन्न जरुरी हुन्छ । गलत वा भ्रामक सूचना बाहिरबाट मात्रै आउने संकट होइन । हामी भित्रै रहेको सोच, अस्पष्टता र बुझाइले पनि निम्तिन सक्छ तसर्थ सर्व प्रथम हामी स्वयं स्पष्ट, सचेत र जिम्मेवार हुनु पर्छ । सूचना कसरी ग्रहण गर्ने, तिनको कसरी मूल्याङ्कन गर्ने हामीमा निर्भर छ ।

## सम्पादकीय

# आचरण सुधारमा जोड देऊ

सरकारले जिल्ला तथा इलाका प्रशासन कार्यालयहरूमा 'एकद्वार सेवा प्रणाली' लागू गर्ने र बिचौलियाको प्रभाव नियन्त्रण गर्न कडाइ गर्ने निर्णय गरेको छ । सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन गृह मन्त्रालयले देशभरका प्रशासन कार्यालयहरूलाई 'एकद्वार सेवा प्रणाली' लागू गर्नेसहित नौबुँदे निर्देशन जारी गरेको हो । यो कदम प्रशासनिक सुधारको दिशामा महत्वपूर्ण पहल भए पनि यसको सफल कार्यान्वयन नै वास्तविक परीक्षा हुनेछ । नेपालको सार्वजनिक प्रशासनमा लामो समयदेखि जरा गाडेर बसेको बिचौलिया संस्कृतिले सेवा प्रवाहलाई मात्र होइन, राज्यप्रति नागरिकको विश्वासलाई समेत कमजोर बनाएको छ । सामान्य नागरिकले आफ्नो वैधानिक अधिकार प्राप्त गर्न पनि अतिरिक्त रकम तिर्नु पर्ने, अनावश्यक झन्झट भोग्नुपर्ने र कहिलेकाहीँ अपमानजनक व्यवहार सहनुपर्ने अवस्था सिर्जना हुनु लोकतान्त्रिक शासन प्रणालीका लागि शोभनीय विषय होइन । यस्तो अवस्थामा सरकारले बिचौलियामाथि नियन्त्रण गर्न 'शून्य सहनशीलता' नीति अवलम्बन गर्ने घोषणा गर्नु सकारात्मक संकेत हो । 'एकद्वार सेवा प्रणाली' को अवधारणा आफैंमा नागरिकमैत्री छ । एउटै स्थानबाट सेवा उपलब्ध गराउने, सहायता कक्षमार्फत मार्गदर्शन दिने, टोकन प्रणाली लागू गर्ने र डिजिटल माध्यमको प्रयोग बढाउने जस्ता प्रावधानले सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाउन मद्दत पुऱ्याउन सक्छन् ।

यसअघि जिल्ला प्रशासन कार्यालयहरूमा बिचौलियाको प्रभाव व्यापक रूपमा देखिँदै आएको थियो । विभिन्न प्रशासनिक सेवा छिटो गरिदिने आश्वासन दिँदै बिचौलियाले सेवाग्राहीसँग रकम असुल्ने गरेका थिए । आवश्यक कागजात अपुग भएको वा प्रक्रिया जटिल रहेको भन्दै सेवाग्राहीलाई प्रत्यक्ष सेवा नदिई घुमाउरो रूपमा बिचौलियातर्फ पठाउने प्रवृत्ति रहेको थियो । बिचौलियालार्य पूर्ण रूपमा नियन्त्रण गर्ने सरकारी निर्देशनले सेवाग्राहीलाई प्रत्यक्ष रूपमा सेवा उपलब्ध गराउने र अनावश्यक झन्झट तथा अतिरिक्त खर्च हटाउने अपेक्षा गरिएको छ । सरकारको यो कदमले प्रशासनिक सेवामा देखिएको अनियमितता, ढिलासुस्ती र बिचौलियाको प्रभाव न्यूनीकरण गर्ने विश्वास गरिएको छ । विशेष गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अन्य संवेदनशील समूहलाई प्राथमिकता दिने व्यवस्था राज्यको समावेशीता मापदण्ड कार्यान्वयनको संकेत हो । तर विगतका अनुभवले देखाएको छ कि नीति बनाउनु मात्र पर्याप्त हुँदैन, यसको प्रभावकारी कार्यान्वयन नै मुख्य चुनौती हो । प्रशासनिक संयन्त्रभित्रकै केही कर्मचारीको संलग्नता वा मौन समर्थन बिना बिचौलिया प्रणाली फस्टाउन सक्दैन । त्यसैले केवल बिचौलियालाई नियन्त्रण गर्ने होइन, कर्मचारीको उत्तरदायित्व र आचरणमा पनि कडाइ आवश्यक छ । यदि कर्मचारीले नै सेवाग्राहीलाई घुमाउरो रूपमा बिचौलियातर्फ धकेल्ने प्रवृत्ति कायम रह्यो भने यो नयाँ प्रणाली पनि कागजमै सीमित हुने खतरा रहन्छ ।

विशेष गरी सेवा सुधारमा अनुगमन र जवाफदेहिताको व्यवस्था बलियो बनाउनु अपरिहार्य छ । सिसी क्यामेरा जडान, नियमित प्रतिवेदन, सार्वजनिक सूचना प्रणाली र गुनासो व्यवस्थापनलाई प्रभावकारी रूपमा लागू गरिए मात्र सुधार दिगो हुन सक्छ । 'जनतासँग प्रजिअ' जस्ता कार्यक्रमलाई औपचारिकता मात्र नबनाई वास्तविक संवाद र समस्या समाधानको माध्यम बनाइनुपर्छ । डिजिटल प्रविधिको प्रयोग विस्तार गर्ने योजना स्वागतयोग्य भए पनि यसको लागि आवश्यक पूर्वाधार, जनशक्ति र तालिमको अभाव भएमा लक्ष्य हासिल गर्न कठिन हुनेछ । ग्रामीण तथा दुर्गम क्षेत्रका सेवाग्राहीलाई ध्यानमा राख्दै प्रविधि र प्रत्यक्ष सेवा दुवैलाई सन्तुलित रूपमा अघि बढाउनुपर्छ । प्रशासनिक सुधार केवल निर्देशन र नीतिमा सीमित विषय होइन, यो व्यवहारमा देखिनुपर्ने परिवर्तन हो । बिचौलिया नियन्त्रण र एकद्वार सेवा प्रणाली लागू गर्ने सरकारको निर्णयले यदि इमान्दारीपूर्वक कार्यान्वयन पायो भने यसले प्रशासनिक सेवामा पारदर्शिता, दक्षता र विश्वास पुनर्स्थापित गर्न महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । तर यदि पुरानै प्रवृत्ति कायम रह्यो भने यो पनि अर्को अधुरो प्रयासमै सीमित हुने जोखिमबाट मुक्त रहने छैन । त्यसैले अब बिचौलिया नियन्त्रण मात्रै होइन कर्मचारीको आचरण सुधारमा पनि ध्यान दिन जरूरी छ ।

# सरकार नयाँ समस्या उही !



✍ रोशन पौडेल

*सरकारले नीति र कार्यक्रम ल्याएको छैन भन्न मिल्दैन । समयसमयमा विभिन्न सुधारका प्रयासहरु घोषणा गरिएका छन् । तर ती प्रयासहरु प्रायः दीर्घकालीन समाधानभन्दा पनि तत्कालीन व्यवस्थापनमै सीमित देखिन्छन् ।*

बिहानको पहिलो घामसँगै सहर फेरि जाग्छ । तर त्यो जागरणमा उत्साहभन्दा बढी थकान देखिन्छ । आँखा खुल्छ आशा खुल्दैन । धुलोले ढाकिएको आकाश, सडकमा उडिरहेको माटो र अनवरत बजेको हर्नको कोलाहलबीच नागरिकको दिन सुरु हुन्छ । यो दैनिकीको चित्रणमात्र होइन राज्यको कार्यक्षमताको मौन प्रतिविम्ब पनि हो । नयाँ सरकार गठन हुन्छ । परिवर्तन र विकासका ठूला वाचा गरिएका हुन्छन् र सुशासन र समृद्धिको सपना देखाइएको हुन्छ । तर नागरिकको जीवनमा भने कुनै ठोस परिवर्तन महसुस हुँदैन । यहीँबाट एउटा गम्भीर प्रश्न उठ्छ– सरकार नयाँ भए पनि समस्या किन उही रहन्छ ?

नेपालको विकास यात्रामा सबैभन्दा देखिने कमजोरी पूर्वाधार विकासमै केन्द्रित छ । देशका प्रमुख राजमार्गहरू, पुलहरू र अन्य निर्माण आयोजनाहरू समयमै सम्पन्न नहुनु अब अपवाद होइन सामान्य बनिसकेको छ । वर्षौंअघि सुरु गरिएका सडक आयोजनाहरू अझै अधुरा छन् जसले विकासको गति होइन असफलताका कथा लेखिरहेका छन् । यात्रीहरूका लागि सडक अब सहज यात्राको माध्यम होइन अनिश्चितता र सास्तीको पर्याय बनेको छ ।

सामान्यवर्षामापनिघन्टौंजाममा बस्नुपर्ने अवस्था असुविधामात्र नभएर व्यवस्थापकीय अक्षमताको प्रत्यक्ष प्रमाण पनि हो ।

समस्या ढिलाइमा मात्र सीमित छैन । यो कार्यसंस्कृतिमा गहिर रूपमा जरा गाडेर बसेको छ । ठेक्का प्रणालीमा पारदर्शिताको अभाव, निर्माण कम्पनीहरूको जवाफदेहीको कमजोरी र अनुगमन प्रणालीको निष्क्रियताले विकास योजनाहरूलाई कागजमै सीमित बनाइदिएको छ ।

समयसीमा औपचारिकता बनेको छ र म्याद थप्नु एक प्रकारको संस्कारझैं स्थापित भएको छ । यस्तो अवस्थामा नयाँ सरकारको घोषणामात्रले विकासको गति बढाउँछ भन्ने विश्वास स्वाभाविकरूपमा कमजोर बन्छ ।

सहर व्यवस्थापनको अवस्था पनि त्यति नै चिन्ताजनक छ । सङ्घीयता लागु भइसकेपछि स्थानीय तहहरूलाई अधिकार त दिइयो तर जिम्मेवारी निर्वाह गर्ने क्षमता र समन्वयको संरचना बलियो बनाउन सकिएन । परिणामस्वरूप, एउटा निकायले सुरु गरेको काम अर्को निकायले रोक्ने वा दोहोऱ्याउने प्रवृत्ति बढ्दै गएको छ । सडक खनिन्छ, फेरि पुरिन्छ, पुनः खनिन्छ– योजना छैन, दीर्घकालीन दृष्टि छैन । बजेट खर्च हुन्छ, तर परिणाम देखिँदैन । विकासको नाममा भइरहेको यो दोहोरो खर्चले स्रोतको दुरुपयोग त गरिरहेको छ नै नागरिकको विश्वास पनि क्रमशः खस्काइरहेको छ । सहरको यो अव्यवस्था नागरिकको स्वास्थ्य र जीवनस्तरमा प्रत्यक्ष असर पारिरहेको छ ।

धुलो, धुवाँ र प्रदूषण अब अस्थायी समस्या होइनन् । यो दैनिकीको स्थायी हिस्सा बनिसकेको छ । सास फेर्न कठिन हुने वातावरण, अनियन्त्रित सवारी सञ्चालन र अव्यवस्थित निर्माणले शारीरिकमात्र होइन मानसिक स्वास्थ्यमा पनि असर पुऱ्याइरहेको छ । मानिसहरू घरभित्र मात्र सुरक्षित महसुस गर्नथालेका छन् ।

किनभने बाहिरको वातावरण असुरक्षित बन्दै गएको छ । सहर सुविधा दिने ठाउँ हुनुपर्नेमा अहिले सास्ती सहने ठाउँ बनेको छ ।

सरकारले नीति र कार्यक्रम ल्याएको छैन भन्न मिल्दैन । समयसमयमा विभिन्न सुधारका प्रयासहरू घोषणा गरिएका छन् । तर ती प्रयासहरू प्रायः दीर्घकालीन समाधानभन्दा पनि तत्कालीन व्यवस्थापनमै सीमित देखिन्छन् । नीति निर्माण र कार्यान्वयनबीचको दूरी अझै घट्नसकेको छैन । कागजमा बनेका योजनाहरू व्यवहारमा उत्रिन नसक्नु हाम्रा शासन प्रणालीको सबैभन्दा ठूलो कमजोरी हो । नीति कार्यान्वयनलाई प्राथमिकतामा नराखिँदासम्म कुनै पनि योजना दस्तावेजमै सीमित रहन्छ ।

समस्या सरकार परिवर्तनमा मात्र नभएर प्रणालीगत कमजोरीमा छ । हाम्रो प्रशासनिक संरचना अझै परिणाममुखी हुनसकेको छैन । काम गर्नेभन्दा काम टार्ने प्रवृत्ति छ । जिम्मेवारी तोकिन्छ,तर उत्तरदायित्वको अभ्यास हुँदैन ।

अनुगमन प्रणाली कमजोर छ र मूल्याङ्कन प्रक्रिया प्रभावहीन । यस्तो अवस्थामा, चाहे जुनसुकै सरकार आए पनि परिणाम उस्तै हुने सम्भावना उच्च रहन्छ ।

परिवर्तनका लागि नेतृत्व बदल्नुमात्र पर्याप्त हुँदैन । संरचनागत सुधार अपरिहार्य हुन्छ । राजनीतिक संस्कृतिले पनि यो अवस्थालाई थप जटिल बनाएको छ । विकास योजनाहरू प्रायः राजनीतिक प्रभाव र स्वार्थको चक्रमा फस्ने गरेका छन् । प्राथमिकता निर्धारण गर्दा जनताको आवश्यकताभन्दा राजनीतिक लाभलाई महत्त्व दिने प्रवृत्तिले दीर्घकालीन विकासलाई कमजोर बनाएको छ । सरकार परिवर्तनसँगै प्राथमिकता बदलिन्छ, योजना बदलिन्छ तर समस्या उस्तै रहन्छ । निरन्तरताको अभावले विकास प्रक्रियालाई बारम्बार शून्यमा पुऱ्याउने काम गरिरहेको छ ।

अब सुधारको आवश्यकता स्पष्ट भइसकेको छ । सबैभन्दा पहिले, अधुरा पूर्वाधार आयोजनाहरूलाई स्पष्ट समयसीमा र कडा अनुगमनसहित पूरा गर्नुपर्नेछ । ठेक्का प्रणालीलाई पारदर्शी र जवाफदेही बनाउन आवश्यक छ ।

योजना दोहोरिने वा बीचमै रोकिने समस्या अन्त्य सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वयलाई संस्थागतरूपमा बलियो बनाउनुपर्नेछ । बजेट वितरणलाई परिणाममुखी बनाउनुपर्नेछ– खर्चको मात्र होइन उपलब्धिको पनि मूल्याङ्कन गरिनुपर्छ ।

साथै, सहर व्यवस्थापनलाई प्राथमिकतामा राख्नु अत्यावश्यक छ । वायु प्रदूषण नियन्त्रणका लागि कडा मापदण्ड लागु गर्नुपर्नेछ, सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित र आकर्षक बनाउनुपर्नेछ र हरियाली विस्तारलाई दीर्घकालीन योजनासँग जोड्नुपर्नेछ ।

नागरिकको जीवनस्तर सुधार्नका लागि वातावरणीय सुधार अनिवार्य सर्त हो । यसबिना कुनै पनि विकास अर्थपूर्ण हुँदैन ।

नीति निर्माण प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्नु अर्को महत्त्वपूर्ण पक्ष हो ।

नागरिकले आफ्ना आवश्यकता र प्राथमिकताहरू प्रत्यक्ष रूपमा व्यक्त गर्न पाए भनेमात्र नीति वास्तविकतासँग जोडिन्छ । पारदर्शिता र सहभागिताले मात्र विश्वास निर्माण गर्छ र जनविश्वासबिना कुनै पनि शासन प्रणाली दीर्घकालीन रूपमा सफल हुन सक्दैन ।

देशको भविष्य सरकारको अनुहारले होइन कार्यान्वयनको इमानदारीले निर्धारण गर्छ । नयाँ सरकार आउनु आफैँमा परिवर्तन होइन ।

परिवर्तन तब हुन्छ जब काम गर्ने तरिका बदलिन्छ । समस्या उही रहनु भनेको प्रणाली परिवर्तन नभएको स्पष्ट सङ्केत हो । यही अवस्था रही रह्यो भने 'नयाँ सरकार' राजनीतिक शब्दावलीमा सीमित हुनेछ । परिवर्तनको वास्तविक प्रतीक बन्न सक्नेछैन ।

आज आवश्यक छ– नयाँ सोच, नयाँ कार्यशैली, र पुराना कमजोरीहरूलाई स्वीकार गरेर सुधार गर्ने साहस । अन्यथा, प्रत्येक नयाँ बिहान पुरानै निराशाको निरन्तरता बन्नेछ । देश अघि बढ्नका लागि सपना देख्नुमात्र पर्याप्त छैन । त्यो सपना पूरा गर्ने दृढ इच्छाशक्ति र इमानदार प्रयास आवश्यक छ ।

अब प्रश्न सरकारसँग होइन सम्पूर्ण शासन प्रणालीसँग छ– के हामी साँच्चै परिवर्तनतर्फ अघि बढिरहेका छौँ ? कि परिवर्तनको भ्रममा बाँचिरहेका छौँ ?

# महिनावारी स्वास्थ्य र न्यायका लागि नयाँ रणनीति लागू हुने




**काँक्रेविहार संवाददाता**
सुर्खेत, ६ वैशाख

कर्णाली प्रदेश सरकारले महिला तथा किशोरीहरूको महिनावारीसँग सम्बन्धित स्वास्थ्य र अधिकारलाई केन्द्रमा राख्दै नयाँ रणनीति तयार गरेको छ।

सामाजिक विकास मन्त्रालयले “महिनावारी स्वास्थ्य तथा न्यायसम्बन्धी मार्गदर्शन २०८२” सार्वजनिक गरेको हो, जुन आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा आउनेछ।

यस रणनीतिअनुसार अब महिनावारीलाई केवल परम्परागत निषेधमा सीमित नराखी स्वास्थ्य, सरसफाइ र न्यायसँग जोडेर विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। मन्त्रालयका स्वास्थ्य सेवा महाशाखा प्रमुख वृषबहादुर शाहीका अनुसार यो पहलले महिलाहरूले महिनावारीका बेला भोग्दै आएका सामाजिक विभेद र असुविधालाई घटाउने लक्ष्य राखेको छ।

उनले कर्णाली प्रदेश यस्तो रणनीति लागू गर्ने पहिलो प्रदेश भएको दाबी गरेका छन्। रणनीतिमा महिलाहरूलाई महिनावारी सम्बन्धी रोग तथा समस्याबाट मुक्त गर्दै शारीरिक, मानसिक र सामाजिक स्वास्थ्य सुधार गर्ने उद्देश्य समेटिएको छ।

साथै कुनै पनि प्रकारको भेदभाव र अवरोधबिना आवश्यक स्रोत र सेवामा पहुँच सुनिश्चित गर्दै न्याय दिलाउने कुरामा जोड दिइएको छ।

प्रदेशको तथ्यांकअनुसार कर्णालीमा कुल जनसंख्याको ५१ प्रतिशत महिला र २४ प्रतिशत किशोरी रहेका छन्।

प्रजनन उमेरका महिलामध्ये ४५ प्रतिशतले मात्रै एकपटक प्रयोग गरेर फाल्ने प्याड प्रयोग गर्ने गरेका छन् भने ९२ प्रतिशत महिला तथा किशोरीले महिनावारीका बेला कुनै न कुनै प्रकारको प्रतिबन्ध भोग्ने गरेका छन्।

यस अवस्थालाई सुधार गर्न रणनीतिमा महिनावारीसम्बन्धी शिक्षा, सरसफाइ, सामग्रीको उपलब्धता र गुणस्तर, सुरक्षित व्यवस्थापन तथा वातावरणीय असर न्यूनीकरणजस्ता विषयमा विशेष कार्यक्रम सञ्चालन गरिने उल्लेख छ।

रणनीतिअन्तर्गत विभिन्न समिति गठन गरिनेछ। सामाजिक विकास मन्त्रालयका सचिवको संयोजकत्वमा मुख्य सहजीकरण समिति गठन गरिनेछ भने प्राविधिक, स्थानीय समन्वय तथा अनुगमन समिति पनि स्थापना गरिनेछन्।

सरकारले यो रणनीतिले कर्णालीका महिला तथा किशोरीहरूले महिनावारीका बेला भोग्नुपर्ने समस्या घट्ने र समग्र जीवनस्तरमा सुधार आउने अपेक्षा गरेको छ।

# नेपाल वायुसेवाको उडान नियमित




**काँक्रेविहार संवाददाता**
मुगु, ६ वैशाख

लामो समयदेखि अनियमित सेवाका कारण आलोचना खेप्दै आएको नेपाल वायुसेवा निगमले मुगुमा आफ्नो उडान सेवा नियमित गर्न थालेपछि स्थानीयवासीलाई राहत मिलेको छ। हाल निगमले सातामा चार दिन उडान सञ्चालन गरिरहेको छ। नेपाल एयरलाइन्स रारा ताल्चा विमानस्थलका स्टेसन इन्चार्ज नवीनकुमार विष्टका अनुसार गत फागुनको अन्तिम सातादेखि नेपालगन्जबाट आइतबार, मङ्गलबार, बिहीबार र शुक्रबार नियमित उडान सुरु गरिएको हो। साथै बिहीबार सुर्खेतबाट पनि ताल्चा विमानस्थलसम्म उडान सञ्चालन भइरहेको छ। नियमित उडानको व्यवस्था भएपछि विशेषगरी आकस्मिक उपचारका लागि बाहिर लैजानुपर्ने बिरामीलाई ठूलो राहत पुगेको स्थानीयहरूले बताएका छन्। समयमै जहाज नपाउँदा ज्यान गुमाउनुपर्ने अवस्था समेत देखिएकोमा अब त्यस्तो समस्या कम हुँदै गएको छायानाथ रारा नगरपालिका-४ का स्थानीय महेन्द्र भामले बताए।

राराताल जस्तो प्रसिद्ध पर्यटकीय गन्तव्यमा पुग्न चाहने आन्तरिक तथा बाह्य पर्यटकका लागि पनि अहिले यात्रा सहज बनेको छ। स्थानीय युवा अनिल बानियाँका अनुसार दुर्गम क्षेत्रका नागरिकको सहजताका लागि गरिएको लामो पहलपछि नियमित उडान सम्भव भएको हो।

नेपाल एयरलाइन्स नेपालगन्जका क्षेत्रीय प्रबन्धक यमराज सिंहका अनुसार कर्णाली क्षेत्रमा निरन्तर सेवा दिन नेपालगन्जमै एउटा जहाज राखिएको छ। यसअघि हप्तामा दुई पटक मात्रै उडान हुने ताल्चा विमानस्थलमा अहिले निर्धारित तालिकाअनुसार नियमित सेवा सञ्चालन भइरहेको छ।

उनका अनुसार जहाजको नियमित मर्मतसम्भारका लागि हरेक शुक्रबार काठमाडौं पठाइने र आइतबार पुनः नेपालगन्ज फर्काइने व्यवस्था मिलाइएको छ। यस व्यवस्थाले हिमाली जिल्लाहरूमा हवाई सेवा थप व्यवस्थित र भरपर्दो हुने अपेक्षा गरिएको छ।

# स्थानीय तहमा न्याय पहुँचबारे सचेतना

**काँक्रेविहार संवाददाता**
जुम्ला, ६ वैशाख

जिल्ला अदालत जुम्ला र उच्च अदालत सुर्खेत (जुम्ला इजलास) ले सिँजा गाउँपालिकामा न्यायिक संवाद तथा न्यायिक बाह्य पहुँच कार्यक्रम सम्पन्न गरेका छन्।



कार्यक्रममार्फत पछिल्लो समय स्थानीय तहका न्यायिक समितिले हेर्न सक्ने मुद्दा र मेलमिलापमार्फत समाधान गर्न मिल्ने विषयबारे जानकारी दिइएको थियो।

साथै कुन प्रकारका मुद्दा स्थानीय तहमै समाधान गर्न सकिन्छ र कुन मुद्दा औपचारिक अदालतमा पठाउनुपर्छ भन्ने विषयमा पनि स्पष्ट पारिएको छ।

उच्च अदालत सुर्खेत (जुम्ला इजलास) का मुख्य न्यायाधीश वसन्तराज पौडेलले अदालतले प्रमाणका आधारमा निष्पक्ष निर्णय गर्ने भए पनि नागरिकले न्याय प्रणालीलाई कसरी बुझिरहेका छन्।

यस्ता कार्यक्रम आवश्यक रहेको बताए उनले न्याय केवल कानुनी प्रक्रिया मात्र नभई मानव अधिकारसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएको उल्लेख गरे।

जिल्ला अदालत जुम्लाका न्यायाधीश आनन्दराज पन्तले अदालतले दुवै पक्षको कुरा र प्रमाणका आधारमा मात्र निर्णय गर्ने प्रक्रिया अपनाउने बताए।

न्याय ढिलो हुने गुनासोलाई सम्बोधन गर्दै उनले विधिसम्मत प्रक्रिया अनुसार नै न्याय सम्पादन हुने जानकारी दिए।

उच्च अदालतका रजिस्ट्रार देवेन्द्र ढकालले न्याय सबैका लागि पहुँचयोग्य बनाउन आर्थिक रूपमा कमजोर नागरिकका लागि निःशुल्क कानुनी सहायता र वैतनिक वकिलको व्यवस्था गरिएको बताए।

सिँजा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले न्यायाधीशहरूको प्रत्यक्ष सहभागिताले स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धिमा सहयोग पुगेको धारणा व्यक्त गरे।

कार्यक्रममा सहभागीहरूलाई स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया, मेलमिलापमार्फत विवाद समाधानका उपाय तथा सहज रूपमा न्याय प्राप्त गर्ने विधिबारे विस्तृत जानकारी दिइएको थियो।

सहभागीहरूले यस्ता कार्यक्रमले न्याय प्रणालीलाई पारदर्शी, पहुँचयोग्य र नागरिकमैत्री बनाउने दिशामा सकारात्मक योगदान पुर्‍याउने विश्वास व्यक्त गरेका छन्।

# एक सय रुपैयाँभन्दा बढीको सामानमा भन्सार शुल्क लगाइएकोप्रति कांग्रेसको आपत्ति

**काँक्रेविहार संवाददाता**
काठमाडौं, ६ वैशाख

नेपाली कांग्रेसले भारतबाट एक सय रुपैयाँभन्दा बढीको सामान ल्याउँदा भन्सार शुल्क लिइएकोप्रति आपत्ति जनाएको छ।

प्रवक्ता देवराज चालिसेले आइतबार एक वक्तव्य प्रकाशित गरी ‘सरकारी व्यवहारहरू जनविरोधी, अव्यवहारिक र असंवेदनशील मात्र होइन, वर्तमान आर्थिक संकटका बीच जनताको ढाड सेक्ने अर्को बोझ हो’ भनेका छन्।

कांग्रेसले ‘सानो खरिदमै अतिरिक्त शुल्क लगाउनु भनेको जनताको क्रयशक्ति कमजोर पार्नु मात्र होइन, गरिबीलाई संस्थागत गर्ने नीतिगत कदम’ भएको आरोप पनि लगाएको छ।

यस्तै, यस प्रकारको नीतिले विशेषगरी मधेशका सीमावर्ती नागरिकहरूमा राज्यबाट भेदभाव भएको अनुभूति बढाएको उल्लेख गर्दै कांग्रेसले ‘राष्ट्रिय एकता र सामाजिक न्यायका लागि गम्भीर चुनौती बन्न सक्ने’ चेतावनी दिएको छ।

**यस्तो छ वक्तव्य**

नेपालको सीमावर्ती क्षेत्रहरूमा हालै १०० रुपैयाँभन्दा बढी मूल्यका घरायसी तथा व्यक्तिगत प्रयोगका वस्तुमा अनिवार्य भन्सार शुल्क लिईरहेको घटनाप्रति नेपाली कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको छ। यस्ता घटना वा सरकारी व्यवहारहरू जनविरोधी, अव्यवहारिक र असंवेदनशील मात्र होइन, वर्तमान आर्थिक संकटका बीच जनताको ढाड सेक्ने अर्को बोझ हो।

खुला सीमाको अवस्थाका कारण सीमावर्ती क्षेत्रका नागरिकहरूले दैनिक उपभोग्य वस्तुहरू भारतबाट सस्तो मूल्यमा ल्याएर जीवन निर्वाह गर्दै आएका छन्। विशेषगरी मधेश प्रदेशका लाखौं सर्वसाधारण, ज्यालादारी मजदुर, साना किसान तथा निम्न आय भएका परिवार यस निर्णयबाट प्रत्यक्ष रूपमा प्रभावित भएका छन्।

यता डिजेलको मूल्य २३७ रुपैयाँ प्रतिलिटरजस्तो उच्च स्तरमा पुगेको अवस्थामा २००-३०० रुपैयाँको सानो खरिदमै अतिरिक्त शुल्क लगाउनु भनेको जनताको क्रयशक्ति कमजोर पार्नु मात्र होइन, गरिबीलाई संस्थागत गर्ने नीतिगत कदम हो।

**यस निर्णयले केही गम्भीर प्रश्नहरू समेत उठाएको छ–** के राज्यले राजस्व वृद्धिको नाममा गरिबको भान्सामै कर लगाउन मिल्छ?

के सीमाबाट सानो परिमाणमा सामान ल्याउने नागरिकमाथि कडाइ गर्ने तर हवाई यात्रामार्फत ठूलो परिमाणमा वस्तु भित्र्याउनेलाई सहजता दिनु न्यायोचित हुन्छ ?

यस प्रकारको नीतिले विशेषगरी मधेशका सीमावर्ती नागरिकहरूमा राज्यबाट भेदभाव भएको अनुभूति बढाएको छ, जुन राष्ट्रिय एकता र सामाजिक न्यायका लागि गम्भीर चुनौती बन्न सक्छ। यस सन्दर्भमा, नेपाली कांग्रेस सरकारसँग निम्न मागहरू प्रस्तुत गर्दछः

उक्त निर्णय तत्काल फिर्ता लिइयोस् वा व्यक्तिगत प्रयोगका वस्तुका लागि व्यवहारिक सीमा निर्धारण गरियोस्।

खाद्यान्न, लत्ता कपडा, तेल, साबुन जस्ता दैनिक उपभोग्य वस्तुमा भन्सार दर घटाइयोस् वा अस्थायी छुट दिइयोस्।

मधेश प्रदेशका लागि कृषि, सिँचाइ तथा साना उद्योगमा लक्षित राहत प्याकेज र सब्सिडी लागू गरियोस्।

इन्धन मूल्य नियन्त्रणका लागि पारदर्शी मूल्य निर्धारण प्रणाली लागू गर्दै गरिबमुखी क्रस-सब्सिडी नीति अवलम्बन गरियोस्।

अल्पकालीन रूपमा भए पनि ईन्धन आयातमा विभिन्न शीर्षकमा लाग्ने कर तथा शुल्क घटाई तत्काल राहत प्रदान गरियोस्।

नेपाली कांग्रेस स्पष्ट रूपमा विश्वास गर्दछ– राजस्व संकलन राज्यको दायित्व हो, तर जनताको जीवन र जीवनस्तरको संरक्षण त्यो भन्दा ठूलो प्राथमिकता हो। जनताको दैनिक जीवनमा थप बोझ पार्ने कुनै पनि नीति स्वीकार्य हुन सक्दैन।

अतः सरकारसँग हाम्रो स्पष्ट आग्रह छ– संवेदनशीलता, न्याय र व्यवहारिकताका आधारमा उक्त निर्णयमा तत्काल पुनर्विचार गरियोस्।

# विपन्न बालबालिकाका लागि छात्रावास निर्माण हुँदै

**काँक्रेविहार संवाददाता**
सल्यान, ६ वैशाख

विपन्न तथा सहाराविहीन बालबालिकालाई शिक्षा र सुरक्षित आवासको पहुँच विस्तार गर्ने उद्देश्यले सल्यानको एक सामुदायिक विद्यालयमा छात्रावास भवन निर्माण सुरु गरिएको छ।

शारदा नगरपालिका-५, तल्लो मार्केस्थित जनकल्याण आधारभूत विद्यालयमा शनिबार श्रमदानमार्फत निर्माण गरिने लक्ष्यसहित भवनको शिलान्यास गरिएको हो।

शिलान्यास कार्यक्रममा शारदा नगरपालिकाका नगरप्रमुख प्रकाश भण्डारीले छात्रावास निर्माणले आर्थिक रूपमा कमजोर तथा अभिभावकविहीन बालबालिकालाई अध्ययनमा सहजता प्रदान गर्ने विश्वास व्यक्त गरे। उनले शिक्षा क्षेत्रको विकाससँगै यस्ता बालबालिकाका लागि सुरक्षित आवास सुनिश्चित गर्नु सबैको साझा जिम्मेवारी भएको बताए।निर्माण सामग्री व्यवस्थापनका लागि नगरपालिकाले पाँच लाख रुपैयाँ नगद सहयोग उपलब्ध गराउनेछ भने जेसीबी र ट्र्याक्टरसमेत निःशुल्क प्रदान गरिनेछ।

अन्य निर्माण कार्य भने श्रमदानमार्फत सम्पन्न गरिने विद्यालयका सहायक प्रधानाध्यापक कृष्ण वलीले जानकारी दिए।



हाल विद्यालयमा ३५ जना विपन्न तथा सहाराविहीन बालबालिका अध्ययनरत रहेका छन्। थप २० जना बालबालिका पनि सम्पर्कमा आइसकेका छन्।

नयाँ शैक्षिक सत्र सुरु भएसँगै ती बालबालिकालाई समेत आवाससहित अध्ययनको व्यवस्था गरिने विद्यालयले जनाएको छ।

छात्रावास निर्माणमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय व्यवसायी तथा समुदायको सक्रिय सहभागिता रहने अपेक्षा गरिएको छ।

कार्यक्रममा नगर प्रवक्ता राजेशकुमार शर्मा, वडा नं. ५ का वडाध्यक्ष प्रदीप शाही, विद्यालय व्यवस्थापन समिति अध्यक्ष रामबहादुर बुढाथोकी, प्रधानाध्यापक डिल्लीबहादुर भण्डारी तथा निर्माण समिति अध्यक्ष शंकर थापालगायतको उपस्थिति रहेको थियो। सहभागीहरूले छात्रावास निर्माणले टाढाबाट अध्ययन गर्न आउने तथा अभिभावकविहीन बालबालिकाको शैक्षिक भविष्य उज्यालो बनाउन महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरेका छन्।

‘समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बन्चित नहोऔं’

- जन्म दर्ताः बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- मृत्यु दर्ताः परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- विवाह दर्ताः दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- बसाइँसराइः नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाइँसराइ दर्ता गरौं।
- सम्बन्ध विच्छेदः अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुम्ला

‘समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बन्चित नहोऔं’

- जन्म दर्ताः बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- मृत्यु दर्ताः परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- विवाह दर्ताः दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- बसाइँसराइः नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाइँसराइ दर्ता गरौं।
- सम्बन्ध विच्छेदः अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालीकोट

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# अटिजम पहिचान र उपचारमा अभाव

❒ कांक्रेविहार संवाददाता
सुर्खेत, ६ वैशाख

कर्णाली प्रदेशमा अटिजम भएका बालबालिकाको पहिचान, उपचार तथा व्यवस्थापनमा समस्या देखिएको छ।

आवश्यक सेवा र जनचेतनाको अभावका कारण धेरै बालबालिका समयमै उपचारबाट वञ्चित हुनुका साथै उनीहरूको भविष्य जोखिममा पर्ने चिन्ता बढ्दै गएको छ।

वीरेन्द्रनगर-३ निवासी एक अभिभावकले आफ्नी आठ वर्षीया छोरीमा अटिजम भएको थाहा पाउन ढिलो भएको बताएकी छन्।

छोरी चार वर्षको हुँदासम्म पनि ढिलो बोल्ने र व्यवहार फरक देखिएपछि मात्रै समस्या पहिचान भएको उनले जनाइन्।

उपचारका लागि नेपालगन्जदेखि चितवनसम्म पुग्नुपरेको र कर्णालीमै सहज उपचार नपाउँदा ठूलो सास्ती बेहोर्नुपरेको उनको गुनासो छ।



अभिभावकका अनुसार बालिकामा सानैदेखि एकोहोरो हुने, दोहोरो संवाद नगर्ने जस्ता लक्षण देखिए पनि समयमै जानकारी नहुँदा ढिलो पहिचान भएको हो।

उपचार र शिक्षाका लागि पटक-पटक शहर धाउनुपर्दा आर्थिक तथा मानसिक रूपमा पनि कठिनाइ भएको उनले बताइन्। यस्तै, वीरेन्द्रनगर आठकी अर्की अभिभावकले आफ्नी नौ वर्षीया छोरीमा पनि अटिजम ढिलो पहिचान भएको बताइन्। १३ महिनापछि मात्र हिँड्न थालेकी छोरीको बोली विकासमा समस्या देखिएपछि जाँच गराउँदा अटिजम भएको पुष्टि भएको हो। उपचार अभावकै कारण छोरीलाई विद्यालयबाट समेत वञ्चित गर्नुपरेको उनले दुखेसो पोखिन्। विशेषज्ञहरूका अनुसार कर्णालीमा अटिजमसम्बन्धी सेवा, जनचेतना र आवश्यक पूर्वाधारको कमी छ। स्पीच थेरापिस्ट निलम लामाले अटिजमका केसहरू पछिल्लो समय बढ्दै गएको बताउँदै अभिभावकमा अझै पर्याप्त जानकारी नहुँदा समस्या जटिल बन्दै गएको उल्लेख गरिन्। उनका अनुसार अटिजम भएका बालबालिकामा व्यवहार र सामाजिक अन्तरक्रियामा समस्या देखिने भएकाले विशेष हेरचाह आवश्यक हुन्छ।

त्यस्तै, बाल विशेष फिजियोथेरापिस्ट समितकुमार कठिला शैलेका अनुसार अटिजम स्नायु प्रणालीको विकाससँग सम्बन्धित समस्या हो, जसले बालबालिकाको व्यवहार र सिकाइ प्रक्रियामा असर पार्छ।

समयमै पहिचान र उपचार भएमा बालबालिकाको अवस्थामा सुधार ल्याउन सकिने उनको भनाइ छ। विशेषज्ञहरूले अटिजमलाई रोगको रूपमा गलत बुझ्ने प्रवृत्ति हटाउन र समयमै पहिचान तथा उपचारका लागि व्यापक जनचेतना आवश्यक रहेको बताएका छन्।

साथै कर्णाली प्रदेशमै आवश्यक उपचार सेवा, विशेष विद्यालय तथा पुनःस्थापना केन्द्र स्थापना गर्न सरकारसँग माग गरिएको छ। हाल कर्णालीमा अटिजमसम्बन्धी सेवा अत्यन्त सीमित रहेकाले अभिभावकहरू बालबालिकालाई उपचारका लागि बाहिरी जिल्लामा लैजान बाध्य छन्।

यस्तो अवस्थाले आर्थिक भार बढाउनुका साथै बालबालिकाको शिक्षामा समेत नकारात्मक असर पारिरहेको छ।

# विषादीरहित तरकारी उत्पादनतर्फ आकर्षित

❒ कांक्रेविहार संवाददाता
कैलाली, ६ वैशाख

टीकापुर क्षेत्रमा किसानहरू क्रमशः विषादीरहित प्राकृतिक तरकारी उत्पादनतर्फ आकर्षित हुँदै गएका छन्। मानव स्वास्थ्य र माटो संरक्षणलाई ध्यानमा राख्दै यहाँका एक सय ४० जना किसानले जैविक खेती प्रणाली अपनाएका छन्।

किसानहरूले आठ वटा कृषक समूह गठन गरी टीकापुर उक वनगाउँ र शङ्करपुर, वडा नं दुई को राजीपुर र सीतापुर, वडा नं तिनको घीया तथा वडा नं पाँचको नुक्लीपुर क्षेत्रमा तरकारी खेती गरिरहेका छन्।

टीकापुर एक वनगाउँस्थित असल चमेली कृषक समूहका अगुवा किसान मीनबहादुर चौधरीका अनुसार विगत तीन वर्षदेखि किसानहरू विषादी न्यूनीकरण र सुरक्षित खाद्य उत्पादनका लागि जैविक खेतीमा लागेका हुन्।



उनले रासायनिक मल र विषादीको प्रयोग नगरी घरमै तयार गरिने जैविक मल र विषादी प्रयोग गरिँदै आएको बताए। किसानहरूले झारपात, सडेगलेका तरकारी तथा अन्य जैविक सामग्री प्रयोग गरी घरेलु मल तयार गर्दै आएका छन्।

हाल वनगाउँको समूहमा मात्र १५ जना किसान आबद्ध छन्, जसले पाँचदेखि १५ कट्ठासम्म जमिनमा तरकारी खेती गरिरहेका छन्।

बारीमा अहिले काँक्रा, फर्सी, लौका, भिन्डी, खुर्सानी र टमाटरलगायतका तरकारी उत्पादन भइरहेको छ। पछिल्लो समय उपभोक्ताले पनि विषादीरहित तरकारीको महत्त्व बुझ्न थालेपछि बारीमै पुगेर तरकारी खरिद गर्ने क्रम बढेको किसानहरूले बताएका छन्।

बाँकी उत्पादन टीकापुर बजारको हाटबजारमा बिक्री गरिँदै आएको छ। टीकापुर नगरपालिकाले अर्गानिक तरकारी उत्पादन गर्ने किसानका लागि हाटबजारमा छुट्टै स्टलको व्यवस्था गरेको छ।

अर्गानिक उत्पादन भए पनि बजार मूल्य अन्य तरकारीसरह हुँदा किसानहरू मर्कामा परेको गुनासो छ। दकिसान रुविना चौधरीले विषादीरहित तरकारी उत्पादनमा मेहनत बढी भए पनि मूल्यमा फरक नपरेको बताउँदै सरकारले विशेष प्रोत्साहन दिनुपर्ने आवश्यकता औँल्याए। उनले उपभोक्ता र राज्य दुवैले जैविक उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने बताए।

यसैबीच, सेवक नेपाल नामक संस्थाले किसानहरूलाई जैविक खेतीतर्फ प्रोत्साहन गर्न सहयोग गर्दै आएको छ।

परियोजना अधिकृत प्रेम चौधरीका अनुसार संस्थाले एक सय ४० जना किसानलाई बीउ, प्रविधि तथा प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ।

संस्थाले किसानलाई रासायनिक मल र विषादीको सट्टा स्थानीय स्रोतबाट झोल मल र जैविक विकल्प प्रयोग गर्न तालिमसमेत दिँदै आएको छ।


टीकापुर नगरपालिकासँगको सहकार्यमा सञ्चालन भइरहेको यो कार्यक्रमले किसानको आयआर्जन र उपभोक्ताको स्वास्थ्य दुवैमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।


## श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं।

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- बाल श्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
- श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
- श्रम ऐन तथा नियमहरूको पालना गरौं,
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**








## 'समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बन्चित नहोऔं'

- ✦ जन्म दर्ताः बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- ✦ मृत्यु दर्ताः परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- ✦ विवाह दर्ताः दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- ✦ बसाइँसराइः नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाइँसराइ दर्ता गरौं।
- ✦ सम्बन्ध विच्छेदः अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

वीरेन्द्रनगर नगरपालिका
**४ नं. वडा कार्यालय**
सुर्खेत



## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

**हुलाक निर्देशनालय, सुर्खेत**
सम्पर्कः ०८३-५२०२३४/०८३५२०१७५







कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)